# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२१९ बारा, २०८३ असोज १५ गते विहिबार / पञ्चमी / नेपाल संवत् ११४६ / Thursday, October 1 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## बाढीमा बेपत्ता परिवारलाई एमाले निजगढको पक्कीघर



निजगढ,१४ असोज/भोटेकोशी नदीमा गत भदौ १० गते आएको बाढीपछि बेपत्ता भएका निजगढ नगरपालिका( ९ शान्तिटोलका ३९ वर्षीय राज बिष्टको परिवारलाई नेकपा एमाले निजगढ नगर कमिटीले पक्की घर निर्माण गरिदिने भएको छ।

विष्टको १३औं दिनको तिथिमा हिजो परिवारमा समवेदना व्यक्त गर्न पुगेको एमाले निजगढका नेता तथा कार्यकर्ताहरुको टोलीको तर्फबाट नगर अध्यक्ष तिलक घलानले विष्टको परिवारको लागि जस्तापाताले छाएको २ कोठे पक्की घर निर्माण गरिदिने जानकारी दिनुभएको हो।

अध्यक्ष घलानले पार्टी कार्यकर्ताहरुबाट श्रमदान र आर्थिक सहयोग जुटाएर स्वर्गीय विष्टको परिवारको लागि घर निर्माण गरिने र आगामी छठ पर्वपछि परिवारमा हस्तान्तरण गरिने पनि जानकारी दिनुभयो।

सो अवसरमा निजगढ नगरपालिका नगर प्रमुख सुरथ पुरी, जिल्ला समन्वय समिति बाराकी उपप्रमुख चण्डिका सापकोटा, पार्टी मधेस प्रदेश कमिटी सदस्यहरु अम्बिका चौलागाईं, सुदर्शन कोईराला, अन्जु नेपालीसहित जिल्ला कमिटी र नगर

बाँकी तेश्रो पेजमा

## काँग्रेस बाराको क्षेत्रीय सभापतीमा महेशी कुवर, उपेन्द्र यादव, प्रभात चौरसिया र लुकेश सिंह चयन



निजगढ, १४ असोज/नेपाली काँग्रेसले बारा जिल्लाका ४ वटै निर्वाचन समितिको सभापती मनोनयन गरेको छ।

काँग्रेसले क्षेत्र नं. १ को क्षेत्रीय सभापतीमा महेशी कुवर, क्षेत्र नम्बर २ मा उपेन्द्र यादव, क्षेत्र नम्बर ३ मा प्रभातकुमार चौरसिया र क्षेत्र नम्बर ४ मा लुकेश सिंहलाई सर्वसम्मत सभापती पदमा चयन गरेको छ।

क्षेत्र नम्बर २ को क्षेत्रीय कार्यसमितिका पदाधिकारीहरुको मंगलवार नै चयन गरिएको भएपनि निर्वाचन समितिले अन्य क्षेत्रका पदाधिकारीहरु नाम बुधबारमात्र सार्वजनिक गरेको हो।

आइतबार निजगढमा सम्पन्न क्षेत्र नम्बर १ को अधिवेशनले गठन गरेको निर्वाचन समितिले महाधिवेशन प्रतिनिधि र महासमिति सदस्यसहित क्षेत्रीय तथा प्रदेश सभा कार्यसमितिका पदाधिकारीको नाम सार्वजनिक गरेको हो।

अधिवेशन सम्पन्न भएको लामो समयसम्म पनि पदाधिकारीहरुको नाम सार्वजनिक हुन ढिलाइ गरिएपछि काँग्रेस कार्यकर्ताहरुमा असन्तुष्टि चुलिदैआएको थियो। अधिवेशनबाट महाधिवेशन प्रतिनिधि बन्ने आकांक्षीहरुको संख्या अधिक भएपछि सोको चयन गर्ने जिम्मा निर्वाचन समितिलाई दिइएको थियो।

काँग्रेस केन्द्रीय सदस्य शम्भुबहादुर बुढाथोकी, ममता शर्मा, मधेस प्रदेशका कार्यवहाक सभापती चन्द्रशेखर यादव र क्षेत्र नम्बर १ मा पर्ने ५ वटै पालिकाका सभापतीहरु रहेको सो समितिले सबै पदाधिकारीहरुको नाम सर्वसम्मत चयन गरेको जनाइएको छ

त्यसैगरी क्षेत्र नम्बर १ प्रदेश सभा १ को सभापतीमा निजगढका सूर्य घलान चयन हुनुभएको छ। कार्यसमितिको सचिवमा पनि निजगढकै उदयराज पाण्डेलाई चयन गरिएको छ। प्रदेश सभा २ को सभापतीमा भने सिम्रौनगढका मोहन कुशवाहा मनोनयन हुनुभएको छ

उता, क्षेत्र नं. ४ को क्षेत्रीय

बाँकी तेश्रो पेजमा

## पर्सामा २७ जनाले छाडे काँग्रेस



वीरगञ्ज, १४ असोज/क्षेत्रीय कार्यसमिति र महाधिवेशन प्रतिनिधि चयन प्रक्रियामा एकलौटी गरिएको आरोप लगाउँदै पर्साका दुई दर्जनभन्दा बढी काँग्रेस कार्यकर्ताले पार्टीबाट राजीनामा दिएका छन्।

हालै सम्पन्न १५औँ महाधिवेशनअन्तर्गतका क्षेत्रीय अधिवेशनमा कार्यकर्तालाई बाइपास गरी आसेपासेलाई महाधिवेशन प्रतिनिधि र अन्य समितिमा ल्याइएको भन्दै जिल्ला सभापतिसमक्ष राजीनामा बुझाइएको हो।

काँग्रेस पर्साका जिल्ला सदस्यसहित २७ जना नेताकार्यकर्ताले सामूहिक रूपमा कांग्रेस परित्याग गरेको घोषणा गर्दै राजीनामा बुझाएका हुन्। जिल्ला सदस्य हिरालाल कानुसहित २७ जनाले कांग्रेसको साधारण सदस्यसमेत नरहने गरी पार्टी परित्याग गरेका छन्।

दुईपटक काँग्रेसको बुथ सभापतिसमेत रहिसकेका कानु २०५४ को स्थानीय तहको निर्वाचनमा कांग्रेसबाट वडा सदस्यमा निर्वाचित भएका थिए।

बुधबार काँग्रेस पर्साका सभापतिलाई सम्बोधन गरी लेखिएको राजीनामा पत्रमा कानुसहित वीरगञ्ज महानगरपालिका( १० का सोनाल गुप्ता, वीरेन्द्र साह कानु, तिलक साह कानु, लक्ष्मण कानु, दीपक साह कानु, डा. जयकुमार गुप्ता, डा. राजकुमार गुप्ता, अनिता देवी गुप्ता, काजल कुमारी, भरत साह कानु, मुनिलाल साह कानु, सञ्जय चौधरी, रोहित चौधरी, सरोजकुमार साहलगायत २७ जनाले आफूहरू कांग्रेस परित्याग गरेको जिल्ला कार्यसमितिलाई जानकारी गराएका छन्

पछिल्लो समय देखिएका बेथिति सुधार गर्नुको सट्टा पार्टीमा वर्षौंदेखि हालीमुहाली जमाउँदै आएका केही नेतामा नातावाद, कृपावाद र झोले प्रवृत्ति बढ्दै गएको भन्दै आफूहरू सामूहिक रूपमा राजीनामा दिन बाध्य भएको उनीहरूले बताएका छन्।

## बाराका प्रहरी प्रमुख र मातहतका कार्यालय प्रमुखबीच वार्षिक कार्यसम्पादन करार सम्झौता




कलैया, १४ असोज/शान्ति सुरक्षा, अपराध नियन्त्रण र प्रहरी सेवालाई प्रभावकारी बनाउने उद्देश्यका साथ जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी उपरीक्षक नरेन्द्र कुँवरले मातहतका इलाका प्रहरी कार्यालयका प्रमुखहरूसँग वार्षिक कार्यसम्पादन करार सम्झौता गर्नुभएको छ।

चालु आर्थिक वर्ष २०८३/०८४ का लागि सम्पादन गर्नुपर्ने जिम्मेवारी, तोकिएका लक्ष्य र कार्ययोजनालाई थप स्पष्ट र व्यवस्थित बनाउन सम्झौता गरिएको हो।

जिल्ला प्रहरी कार्यालयमा आयोजित एक कार्यक्रमकाबीच प्रहरी उपरीक्षक कुँवर र इलाका प्रहरी कार्यालयका प्रमुखहरूबीच उक्त सम्झौतापत्रमा हस्ताक्षर भएको थियो

सम्झौता गर्ने कार्यालय प्रमुखहरूमा इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक (डीएसपी) दयाकृष्ण भट्ट, कोल्हबीका प्रहरी निरीक्षक बुद्धीमान चोङवाङ, बारागढीका प्रहरी निरीक्षक सविनकुमार कार्की, प्रसौनीका प्रहरी निरीक्षक सुमन लामा र सिम्रौनगढका प्रहरी निरीक्षक कृष्णदेवप्रसाद साह रहेका छन्।

सम्झौताको मुख्य ध्येय जिल्लाभित्र शान्ति सुरक्षा सुदृढ बनाउनु, अपराध रोकथाम तथा अनुसन्धानलाई तीव्र पार्नु र सम्भावित विपद व्यवस्थापनका कार्यलाई चुस्त बनाउनु रहेको प्रहरी उपरीक्षक कुँवरले बताउनुभयो। उहाँका अनुसार बारा जिल्लाको समग्र सुरक्षा अवस्था र आवश्यकताको सूक्ष्म विश्लेषण गरी सोही अनुसारका प्राथमिकताहरू निर्धारण गरेर कार्यसम्पादन करार तयार गरिएको हो

कार्यक्रममा जिल्ला प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेलगायत अन्य प्रहरी अधिकारी उपस्थित थिए।

## सिमराबाट झण्डै तीन किलो अफिमसहित एक दम्पती पक्राउ

सिमरा, १४ असोज/प्रहरीले बाराको सिमराबाट झण्डै तीन किलो अवैध लागूऔषध अफिमसहित एक दम्पतीलाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय सिमरा र लागूऔषध नियन्त्रण व्यूरो वीरगन्जको संयुक्त टोलीले जीतपुरसिमरा उपमहानगरपालिका( २ स्थित सिमरा चोकमा पैदल हिडिरहेको अवस्थामा उनीहरुलाई पक्राउ गरेको हो।



पक्राउ पर्नेमा रौतहट चन्द्रपुर नगरपालिका- ३ गैंडाटर बस्ने ४३ वर्षीय आईते सिंह जिम्बा र उनकी पत्नी ४८ वर्षीया रोशनी राई रहेकी छिन्। उनीहरुको साथबाट दुई किलो ९७० ग्राम अफिम बरामद भएको प्रहरीले जनाएको छ।

लागूऔषध अफिम ओसारपसार भइरहेको सूचना पाएपछि लागूऔषध नियन्त्रण व्यूरो वीरगन्जबाट प्रहरी वरिष्ठ नायब निरीक्षक शेखर सिवाकोटी र इलाका प्रहरी कार्यालय सिमराबाट प्रहरी हवल्दार उमेश यादवको नेतृत्वमा प्रहरी खटिएको थियो।

सिमरा चोकमा पैदल हिडिरहेका उनीहरुले बोकेको झोला जाँच गर्दा लागूऔषध अफिम फेला परेपछि नियन्त्रणमा लिइएको लागू औषध नियन्त्रण व्यूरोका प्रवक्ता एवम् प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीले जानकारी दिनुभएको छ।

पक्राउ परेका दुवैलाई इलाका प्रहरी कार्यालय सिमरामा राखेर कारवाही प्रक्रिया अघि बढाइएको छ।

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

### प्राकृतिक विपत्तिको कहालीलाग्दो तस्बिर : कुशको शव र अधुरो शोक

भोटेकोशी नदीमा आएको विनाशकारी बाढी र पहिरोका कारण बेपत्ता भएका नागरिकहरूको खोजी कार्य सफल हुन नसक्दा, परिवारजनले कुशको शव (पुत्ला) बनाएर दाहसंस्कार गर्नुपर्ने अत्यन्तै हृदय विदारक अवस्था सिर्जना भएको छ ।

गत भदौ १० गते बुधबार बिहान हिमपहिरोपछि रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीमा परेर बेपत्ता भएका निजगढका ३० वर्षीय युवक दिनेश परियार यसको पछिल्लो उदाहरण बनेका छन् ।

घटना घटेको लामो समयसम्म पनि उनको अवस्था पत्ता नलागेपछि, अन्ततः थाकेर आफन्तले धार्मिक विधिअनुसार कुशको शव बनाई निजगढ ९ स्थित आर्यघाटमा अन्त्येष्टि गरेका छन् । आफ्ना प्रियजनको मृत शरीर समेत देख्न र छुन नपाई, केवल एउटा धार्मिक परम्परा धान्नका लागि कुशको पुत्लालाई दागबत्ती दिनुपर्ने यो बाध्यताले पीडित परिवारको मनमा लागेको चोट झन् बल्झिएको छ । यो दृश्यले हाम्रो राज्यको विपद् व्यवस्थापन र खोजी प्रणालीको कमजोरीलाई मात्र होइन, मानवीय असहायताको चरम रूपलाई पनि उजागर गरेको छ ।

सनातन हिन्दू परम्परा र नेपाली समाजमा मृत्यु संस्कारको ठूलो महत्व छ । मृतकको शरीरलाई दागबत्ती दिएर अन्तिम बिदाइ गर्दा मात्रै मृतकको आत्माले शान्ति पाउने र परिवारले पनि आफ्नो शोकलाई एउटा तार्किक निष्कर्षमा पुर्‍याउन सक्ने विश्वास गरिन्छ ।

तर, भोटेकोशीको उर्लदो भेलमा बेपत्ता भएका दिनेश परियार जस्ता ऊर्जावान् युवाहरूको हप्तौंसम्म खोजी गर्दा पनि अवशेष समेत फेला नपर्नु र अन्त्यमा परिवारले कुशको सहारा लिनुपर्ने अवस्था आउनु राष्ट्रकै लागि दुःखद हो ।

बेपत्ता नागरिकका आफन्तहरू हिजोसम्म उनीहरू जीवितै फर्किने झिनो आशामा थिए, तर आज शवसम्म नपाएर कुशको शवलाई हेर्दै आँसु बगाउन विवश छन् । यो केवल एउटा संस्कार पूरा गर्ने विषय मात्र होइन, बरु जीवितै रहेकाहरूको मनलाई सान्त्वना दिने एउटा अन्तिम र निरुपाय प्रयास हो ।

यस घटनाले हाम्रो राज्य संयन्त्रमाथि गम्भीर प्रश्न खडा गरेको छ । नेपालमा हरेक वर्ष मनसुन र हिमपहिरोका कारण ठूलो जनधनको क्षति हुन्छ, र भोटेकोशी जस्ता नदीहरू सधैं उच्च जोखिममा रहन्छन् । तर, विपद् आइसकेपछि उद्धार र खोजीका लागि प्रयोग गरिने प्रविधि र साधन(स्रोत अझै पनि अत्यन्तै परम्परागत छन् ।

भोटेकोशी जस्तो तीव्र बहाव भएको नदीमा बेपत्ता भएकाहरूको खोजीका लागि आधुनिक गोताखोर, ड्रोन वा अत्याधुनिक उपकरणहरूको अभाव खट्किरहन्छ । समयमै प्रभावकारी खोजी र उद्धार हुन नसक्दा धेरैजसो बेपत्ता नागरिकहरू सधैंका लागि हराउने गर्छन्, जसको परिणाम स्वरूप ३० वर्षीय दिनेश परियारको परिवारले जस्तै अन्य थप परिवारहरूले पनि यस्तो मानसिक र सामाजिक पीडा भोग्न विवश हुनुपर्ने देखिन्छ ।

आफ्ना नागरिकको शव समेत खोजिदिन नसक्ने राज्य संयन्त्रले नागरिकलाई सुरक्षाको प्रत्याभूति गराउन सक्दैन । भोटेकोशीको यो कारुणिक घटनाले राज्यलाई झकझक्याउनु पर्छ, ताकि भविष्यमा कुनै पनि नेपालीले आफ्ना प्रियजनको अन्तिम बिदाइ एउटा कुशको पुत्लासँग रोएर गर्नुपर्ने बाध्यता नआओस् ।

# जलवायु न्यायमा हाम्रो दायित्व



गोपीनाथ मैनाली

बढ्दो तापक्रमले पृथ्वीको प्राकृतिक सन्तुलन बिगार्‍यो

धनी देशको कार्बन उत्सर्जनले नेपाल जस्ता देश जोखिममा

नेपालमा खाद्य सुरक्षाको गम्भीर चुनौती थपियो

जलवायु न्यायका लागि आन्तरिक क्षमता बढाउनु पर्छ

जलवायु परिवर्तनका सन्दर्भमा राष्ट्रसङ्घको ८१ औं महासम्मेलनमा नेपालका तर्फबाट प्रधानमन्त्री वालेन्द्र शाहले गर्नुभएको सम्बोधनले विश्व मञ्चलाई एउटा ठूलो सन्देश दिएको हुनु पर्छ । कैयन् जलवायु विपत्तिको सामना गरिरहेको नेपालले यसअघि यति ओजनदार र सान्दर्भिक दृष्टिकोण प्रस्तुत गरेको थिएन । यो सम्बोधन नेपालले भोगेको जलवायु विपत्ति र त्यसप्रतिको विश्व समुदायले निर्वाह गर्नुपर्ने जलवायु न्यायमा केन्द्रित जस्तो देखिए पनि यसले जलवायु परिवर्तनका समष्टिगत आयामलाई सैद्धान्तिक रूपमा समेटेको छ । जलवायु परिवर्तन मौन विश्वसङ्कट हो । तत्कालको पीडामा अल्पविकसित मुलुक रहे पनि यसले समस्त प्राणी वनस्पतिको साझा भविष्यप्रति नै चुनौती दिन्छ ।

जलवायु परिवर्तनको असर

अन्तर्राष्ट्रिय मुद्रा कोषकी तत्कालीन निर्देशक क्रिस्टिने लेगार्डले भने झैं सन्तुलित वातावरण सबल अर्थतन्त्रको आधार हो । बढ्दो जलवायु जोखिमले अर्थतन्त्र र वातावरणबिचको अन्तरसम्बन्ध खलल पारिरहेको छ, त्यो पनि अविवेकशील मानवीय क्रियाकलापले । सन् १८६० बाट पृथ्वीको तापमान मापन गर्ने क्रम सुरु भएयता तापमान लगातार बढिरहेको छ, पछिल्ला दिन अघिल्ला वर्षको सोही दिनभन्दा तातो बन्दै छन् । यसको मतलब पृथ्वीको प्राकृतिक क्रियाकलापको स्वाभाविक सन्तुलन बिग्रिँदै छ । यसले पारिस्थितिक प्रणालीलाई चुनौती दिएको छ । १८६० देखि १९९० सम्म ०.६ डिग्री सेल्सियस तापक्रम वृद्धि भएको थियो । १९०६ देखि २००५ सम्मको सय वर्षमा ०.७४ डिग्री तापमान वृद्धि भयो । यही क्रम रहेमा २०५० मा १.७८ डिग्री र २१०० मा तीन डिग्रीभन्दा बढी तापमान बढ्ने सम्बद्ध प्रतिवेदनको आकलन छ तर विद्यमान आर्थिक-औद्योगिक गतिविधिले आकलनभन्दा बढी नै तापमान बढाउला भनी पेरिस जलवायु वार्तामा शताब्दीको अन्त्यसम्म दुई डिग्रीभन्दा उल्लेख्य तल तापमान वृद्धि कायम गर्न विश्व प्रतिबद्धता जनायो । उत्सर्जन कटौती गर्ने विषयलाई सम्झौतामा समावेश गरिएको थियो । किनकि जलवायु परिवर्तनको असर एकसाथ सबै क्षेत्रमा परिरहेको छ । एकातर्फ जलवायु परिवर्तनले विकासको आधार (इकोसिस्टम) बिगारेको छ, अर्कोतर्फ विकास व्यवस्थापन, विपत् सम्बोधन, पुनर्निर्माण र रहनसहनको लागत बढाइ अर्थतन्त्रको लागत संरचनालाई महँगो बनाउँदै छ ।

विश्व तापमान वृद्धिमा विकसित राष्ट्रहरू जिम्मेवार छन् । उनीहरूको आर्थिक-औद्योगिक र उपभोग व्यवहारले हरितगृह ग्यास उत्सर्जन भइरहेको छ, जसले खतराको सीमा पार गरेको छ । यसबाट पीडित भने उत्सर्जन खासै नगर्ने अल्पविकसित मुलुक हुन् । अल्पविकसित मुलुकको लागतमा विकसित देशहरू समृद्ध बनेका छन् । अल्पविकसित मुलुक परम्परागत उत्पादन तथा उपभोगमा छन्, अनुकूलन क्षमता पनि त्यहीँ कमी छ तर असरको भागीदार बन्नुपर्ने बाध्यतामा उनीहरू छन् । त्यसमा पनि पर्वतीय मुलुक र समुद्री किनारका साना टापु मुलुक धेरै नसक्ने पीडामा छन् । तापमान वृद्धिले प्रतिकूल मौसमी व्यवहार बढ्न गई बाढीपहिरो, डुबान, हिउँ पग्लिने क्रम बढेको छ । यसबाट जनजीवन बेस्सरी प्रभावित छ, प्रतिवर्ष आर्थिक वृद्धिमा ०.५ देखि एक प्रतिशत हानि हुने र यो क्रम बढ्ने अध्ययनको अनुमान छ । यसै कुरालाई हृदयङ्गम गरी प्रतिवर्ष आयोजना हुने विश्व जलवायु सम्मेलन र अन्य ठूला भेलामा उत्सर्जन कटौती र जलवायु सङ्कटापन्न मुलुकका लागि वित्त तथा प्रविधि सहयोगमार्फत न्याय दिनुपर्ने विषयले कार्यसूची पाउँदै आएको छ तर ती झन्डै औपचारिक देखिएका छन् । राष्ट्रसङ्घीय जलवायु परिवर्तन खाका महासन्धिले देश समान भए पनि जलवायु दायित्व पृथक् छ (कमन बट डिफरेन्सिएल रेस्पोन्सिबिलिटी) को सिद्धान्त स्थापित गरेको छ । यस सिद्धान्तले उत्सर्जकले भुक्तानी गर्नु पर्छ, ऐतिहासिक दायित्वलाई अहिले क्षतिपूर्ति गर्नु पर्छ र भविष्यका लागि उत्सर्जन कटौती गर्नु पर्छ भन्ने आशय राखेको छ । यस अर्थमा विकसित मुलुकहरू आफ्ना कार्यका लिगि जिम्मेवार छन्, समस्त प्राणी, वनस्पति र मानव सभ्यता कायम राख्ने दायित्वमा छन् तर विकसित मुलुक आफैँले गरेको जलवायु प्रतिबद्धतामा इमानदार देखिएका छैनन्, उत्सर्जन कटौती र जलवायु वित्तका दुवै लक्ष्यबाट टाढा छन् । अल्पविकसित मुलुकले चाहेको क्षतिपूर्ति हो तर न्याय (सहयोग) पनि पाएका छैनन् । विकसित मुलुकलाई दबाब पनि दिन सकिरहेका छैनन् ।

खाद्य सुरक्षा चुनौती

प्रश्न उठ्न सक्छ, नेपाल जलवायु परिवर्तनबाट आत्तिनुपर्ने अवस्थामा छ ? केही घटनाक्रम, प्राकृतिक विपत्को बढ्दा क्रम र तथ्यबाट नेपाल जलवायु परिवर्तनको असरबाट धेरै प्रभावित छ । केही घटना देखिएका छन्, कतिपय नदेखिएर मौन रूपमा रहेका छन्, जसको असर पछि देखिने छ । नेपाल चौथो जलवायु सङ्कटापन्न मुलुक हो । कलिला पहाड र भौगोर्भिक संरचनाले जोखिम संवेदनशीलता देखाएको छ । बाढी, भूस्खलन, डुबानका समस्या छिटो छिटो देखिएका छन् । वर्षाको याम, मात्रा र स्वभाव फेरिएको छ । खेती प्रणालीमा असर परी खाद्य सुरक्षा चुनौती देखिएको छ । जलाधारको स्तर घट्दो छ, जैविकी विविधतामा ह्रास आई सर्वसाधारणले लिने इकोसिस्टम सेवा पनि खतरामा छ । समुदायको बानी बेहोरो र दैनिकी बदलिँदै छन् । आर्थिक तथा पूर्वाधार संरचनामा प्रभाव परेको छ । छिमेकी उदीयमान अर्थतन्त्रबाट सिर्जित वातावरणीय प्रभावको मार पनि बढ्दो छ । दुई छिमेकी हरितगृह ग्यास उत्सर्जन परिमाणमा विश्वको पहिलो तथा तेस्रो मुलुक हुन् । उनीहरूको आर्थिक प्रगतिको होडले कार्बन उत्सर्जन लगातार बढ्ने छ । उता जलवायु खाका सन्धिले तत्कालीन अवस्थाका अल्पविकसित यी दुई मुलुक विकसित मुलुकका झैं दायित्वबाट पनि बाहिर छन् ।

राष्ट्रसङ्घको साधारण सभामा नेपालका तर्फबाट राखिएका कुराले प्रतिनिधि रूपमा नेपालको कुरा उठाइए पनि अन्य समग्र जलवायु चिन्ता र विकसित मुलुकको दायित्व स्पष्ट देखिन्छ । प्रधानमन्त्रीले भन्नुभए जस्तै नेपालले भोगेको हिमतालको सङ्कट नेपालको मात्रै होइन, मानवताको सङ्कट हो । हिन्दकुश र आसपासका लागि त हिमाल जीवनाधार हो । जलवायु न्याय दया होइन, जिम्मेवारी हो । प्रदूषकले तिर्नुपर्ने सामान्य सिद्धान्त नै हो । त्यसैले नेपालले दया होइन, न्याय खोजेको छ, दान होइन, अनिवार्य वित्त खोजेको छ, समुत्थानशीलता चाहेको छ । अर्को महत्वपूर्ण विषय विश्व व्यवस्था शक्तिको होइन, न्याय र समानताको आधारमा चल्नु पर्छ । मुलुक जलवायु परिवर्तनका दृष्टिमा भिन्नाभिन्नै भूमिकामा छन्, त्यसलाई पूरा गरेर मात्र न्याय प्राप्त गर्न सकिन्छ । कम उत्सर्जन गर्ने राष्ट्रले बढी क्षति बेहोर्नुपर्ने अवस्था अन्त्य हुनु पर्छ । नेपालले उठाएको आवाज जलवायु पीडितका तर्फबाट सबैको आवाज हो । यस अवस्थामा सङ्कटापन्न मुलुकले पाउनुपर्ने पुँजी, प्रविधि क्षमता विकासको कुराबाट उत्सर्जकहरू पन्छिनु हुँदैन । संयुक्त राष्ट्रसङ्घ जस्ता विश्व सरकार र बहुराष्ट्रिय मञ्च जलवायु दायित्व निर्वाह गराउने संयन्त्र बन्नु पर्दछ ।

तर जलवायु न्याय प्राप्त गर्न नेपालको आफ्नै भूमिका पनि प्रभावकारी पार्नु पर्छ । पहिलो त नेपालले आफ्नो आन्तरिक क्षमता विकास गर्नु पर्छ । विगतमा केही राम्रा कामको सुरुवात गरेर पनि निरन्तरता दिएको छैन । जस्तो कि जलवायु बजेट कोडको अवधारणा विकास र कार्यान्वयन गर्ने नेपाल विश्वको पहिलो मुलुक हो । यसको उद्देश्य जलवायु परिवर्तन नीति र बजेट कार्यक्रमबिचको आबद्धता सबल बनाइ जलवायु वित्तमा पहुँच बढाउने प्राविधिक आधार थियो । त्यसलाई केही वर्षदेखि अवधारणामा मात्र सीमित गरिएको छ । असल अभ्यासमा गनिएको यस संयन्त्रलाई धेरै सङ्कटापन्न मुलुकले अनुसरण र संस्थागत गरेका छन् । अर्को, नेपालले जलवायु परिवर्तनको कृषि तथा जलाधारमा पर्ने असर अध्ययन गरी तथ्य निर्माण गरेको थियो । नेपालको सामुदायिक वन अर्को असल अभ्यास हो । जलवायु परिवर्तन सहयोगबाट जल मौसम आकलन प्रणाली भरपर्दो बनाइएको छ तर अन्य क्षेत्रमा पूर्व सूचना/सचेतना प्रणाली विकास भएन ।

इसिमोड जस्ता प्राविधिक संस्था नेपालमै भएर पनि हिन्दकुश क्षेत्रको जलवायु ज्ञान केन्द्र नेपाललाई बनाउन चुकिएको छ । वनबाट कार्बन सञ्चिति तथा स्वच्छ ऊर्जाबाट लिन सक्ने फाइदाका लागि ज्ञानआधार बनाउने काम बाँकी छ । जलवायु वार्ता सामान्य काम होइन ज्ञान, तथ्य, कानुन र प्रविधि चाहिने विषय हो । नेपालले विश्व मञ्चमा राख्ने विषय तथ्यपूर्ण र विश्वसनीय हुनु पर्छ । यसका लागि समर्पित निकाय चाहिन्छ, त्यहाँभित्र क्षेत्रगत ज्ञान र अनुभव भएका विज्ञ चाहिन्छ, कार्बन लेखाङ्कन क्षमता चाहिन्छ । त्यसपछि कोप वार्तामा प्रस्तुति दह्रिलो हुन्छ र नेपालले जलवायु वित्तमा पहुँच बढाउन सक्छ । हरित जलवायु कोषलगायत जलवायु समर्पित कोषबाट अनुदान लिन औचित्यपूर्ण प्रस्ताव बनाउन सकिन्छ । अर्को महत्वपूर्ण पक्ष पहाडी देशको समूह (माउन्टेन एलाएन्स एनिसिएटिभ) निर्माण गरी साझा आवाज निर्माण गर्ने, अल्पविकसित मुलुकको समूह र अन्य समूह उपयोग गर्ने वार्ता क्षमता चाहिन्छ । अनि मात्र हामीले जलवायु न्याय प्राप्त गर्दै विश्वका सबै मुलुकलाई समस्त प्राणीको साझा भविष्यप्रति जिम्मेवार बनाउन सक्दछौं ।

साभारः गोरखापत्र



# बाढी पहिरोले अवरुद्ध पृथ्वी र बीपी राजमार्ग सञ्चालनमा

काठमाण्डौ १४ असोज/सङ्घीय राजधानी काठमाण्डौलाई जोड्ने पृथ्वी र बीपी राजमार्ग सञ्चालनमा आएका छन् । लगातारको वर्षापछिको बाढी पहिरोले अवरुद्ध दुवै राजमार्गअन्तर्गतका विभिन्न खण्डको मर्मतपछि नियमित गाडी सञ्चालन हुन थालेका हुन् ।

जिल्ला प्रहरी कार्यालय धादिङका अनुसार पृथ्वी राजमार्गबाट ठूला मालवाहकसहित सबै गाडी चल्न थालेका छन् । जोखिमयुक्त ठाउँमा प्रहरी परिचालन गरेर व्यवस्थापन भइरहेको छ ।

यस्तै पहिरो र लेदो हटाउनुको साथै रोशी खोलाको बाढीले भत्काएको ठाउँहरूमा मर्मत गरेपछि बीपी राजमार्ग पनि सञ्चालनमा आएको छ

सङ्घीय राजधानीबाट पूर्वतर्फ जाँदा



भकुण्डेबेसीदेखि नेपालथोकसम्म २५ किलोमिटर सडक अवरुद्ध भएको थियो । बीपी राजमार्गका चौकीडाँडा, रोशी गाउँपालिकाका घुमाउने र एक नम्बर पुल आसपास सडक बगेकाले थोरी ठाउँमा एकतर्फी गाडी चलाइरहेको भए पनि नियमित यात्रामा समस्या नरहेको प्रहरीले जनाएको छ ।

सङ्घीय राजधानी पूर्वको अर्को सडक अरनिको राजमार्गको धुलिखेल नगरपालिका(८ जिपलाइनमा अवरोध भएको सडकमा पनि एकतर्फी गाडी चल्न थालेको छ ।

मुस्ताङको बेनी(जोमसोम सडक खण्ड भने अझै अवरुद्ध छ । पोखरेबगरसहितका क्षेत्रमा सडक खुलाउने काम भइरहेको छ ।

मनाङको बेसीशहर(चामे सडकअन्तर्गत धारापानीको कोत्रो, तिवाङ र चामे आसपास सडक अवरुद्ध छ । चामेभन्दा माथि जाने पुलमा लेदो र काठ थुप्रिएपछि सफाइको काम भइरहेको छ । सडक खुलाउन २-३ दिन लाग्ने जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ ।

# मनाङ हिमपहिरोमा थप तीन जनाको शव फेला

काठमाडौं, १४ असोज/मनाङको नार्फाभूमिमा गएको हिमपहिरोमा हराएका आरोहीमध्ये थप तीन जनाको शव फेला परेको छ ।

असोज ११ गते बिहान हिम्लुङ हिमालमा हिमपहिरो जाँदा १६ जना हराएका थिए । आरोहमा गएका ११ जना दोस्रो दिन सम्पर्कमा आएका थिए ।

हिमपहिरोमा हराएका आरोहीमध्ये बुधबार थप तीन जनाको शव फेला परेको नेपाल राष्ट्रिय पर्वतारोहण तथा पर्वतारोहण गाइड संघले जनाएको छ । संघका अनुसार, बधुबार आश गुरुङ, सुरज राई र पदम मगरको शव फेला परेको हो ।

यसअघि चार जनाको शव फेला



परेको थियो । आइतबार र सोमबार वीरेन्द्र गुरुङ, घनश्याम राई, छेवी भोटे र पासाङ भोटेको शव भेटिएको थियो ।

अझै नौ जना आरोही र सहयोगी सम्पर्कविहीन छन् । उनीहरूको खोजी भइरहेको संघले जनाएको छ ।

नार्फाभूमि गाउँपालिका( ५ स्थित करिब पाँच हजार दुई सय मिटर उचाइमा हिमपहिरो गएको थियो ।

# कान्ति लोकपथ एकतर्फी सञ्चालन

हेटौडा, १४ असोज/हेटौँडा(काठमाण्डौ जोड्ने कान्ति लोकपथ एकतर्फी सञ्चालनमा आएको छ ।

कान्ति लोकपथमा अहिले एकतर्फी गाडी सञ्चालन भइरहेको महानगरीय ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । मकवानपुरतर्फको सडकमा कुनै अवरोध नरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

कान्ति लोकपथ हिजो एकैछिन खुले पनि ललितपुरतर्फ बागमती गाउँपालिका(३ ताकुर्चे (भट्टेडाँडा नजिकै) मा सुख्खा पहिरो खसेपछि सडक अवरुद्ध भएको थियो । सुख्खा पहिरो हटाएपछि सडक एकतर्फी खुलेको हो । दुईतर्फी खुलाउने प्रयास भैरहेको अस्थाई ट्राफिक



पोष्ट भट्टेडाँडाले जनाएको छ ।

हेटौँडाबाट काठमाण्डौ प्रवेश गर्ने छोटो दुरीको हेटौँडा, कुलेखानी सिस्नेरी, फाखेलका सडक अस्ति सोमबार बिहानदेखि नै सञ्चालनमा आइसकेका छन् ।

# इन्जिनियर सांसदलाई प्रधानमन्त्रीको आग्रह : 'विज्ञताअनुसार देश विकासमा योगदान दिनुहोस्'

काठमाण्डौ १४ असोज/प्रधानमन्त्री वालेन्द्र शाहले सांसदहरूलाई आफ्नो विज्ञताअनुसार देशको विकासमा योगदान दिन आग्रह गर्नुभएको छ ।

सिंहदरबारमा रहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज सङ्घीय संसद् प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने इन्जिनियर पृष्ठभूमिका सांसदहरूसँगको छलफलका क्रममा प्रधानमन्त्री शाहले राजनीतिक विषयभन्दा धेरै दीर्घकालीन नीति र नयाँ विचारमा केन्द्रित हुन आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो, 'तपाईंहरु आफैं प्राविधिक विषयमा जानकार हुनुहुन्छ, देशको नीतिनिर्माण गर्ने ठाउँमा हुनुहुन्छ,



देश विकासका लागि आफ्नो ज्ञान, सीप र अनुभवको अधिकतम उपयोग गर्नुहोस् ।'

प्रधानमन्त्री शाहले सांसदहरूलाई पार्टी राजनीतिसँगै आफ्नो प्राविधिक दक्षता र व्यावसायिक पहिचानलाई पनि प्राथमिकतामा राख्न सुझाव दिनुभयो । उहाँले चुनाव वा राजनीतिक गतिविधिका समयमा पार्टी राजनीतिमा सक्रिय हुनु स्वाभाविक भए पनि अन्य समयमा देश विकासका लागि प्राविधिक विषयमा केन्द्रित हुन आग्रह गर्नुभयो ।

छलफलमा पूर्वाधार विकासमन्त्री सुनील लम्साल, प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहका साथै सांसदहरू तपेश्वर यादव, जगदीश खरेल (दोलखा), आशीष गजुरेल, उज्ज्वलकुमार झा, अरविन्द शाह, धर्मराज केसी, श्रीराम न्यौपाने, सागर ढकाल, सुशील खड्का र डा. राम लामाको उपस्थिति थियो ।

## कांग्रेसबाराकोक्षेत्रीय...

सभापतिमा युवा नेता लोकेश सिंह सर्वसम्मत् चयन हुनुभएको छ । जीतपुरमा सम्पन्न क्षेत्रीय अधिवेशनबाट सिंह क्षेत्रीय सभापतिमा सर्वसम्मत् चयन हुनुभएको हो । सिंहलाई क्षेत्रीय सभापति बनाउन कांग्रेस सहमहामन्त्री फरमुल्लाह मन्सुर लागिपर्नुभएको थियो । उहाँ नेपाली कांग्रेसभित्र लोकप्रिय र सक्रिय युवा नेताको रुपमा परिचित हुनुहुन्छ । सिंह सभापति भएसँगै अर्का आकाक्षी सुनिल गुप्तालाई भने क्षेत्र नं. ४ (२) को सभापती चयन गरिएको छ

यसैगरी क्षेत्र नं. ४ (१) को सभापतिमा छविलाल शर्मा चयन हुनुभएको छ । संघ र प्रदेश निर्वाचन क्षेत्रको सभापतिको टुंगो लागे पनि केन्द्रीय महाधिवेशन प्रतिनिधि, प्रदेश अधिवेशन प्रतिनिधि, क्षेत्रीय समितिको अन्य पद टुंगो लगाउन कार्यदल गठन गरिएको छ । कार्यदलमा क्षेत्रीय सभापती सिंह, क्षेत्र नं. ४ (२) को सभापती गुप्ता, युवा नेतृ मेघा शाही, युवा नेता नवराज त्रिपाठी छन् ।

## महाकाली नदीमाथिको ...

गर्नुपर्ने भएको छ । यो क्षेत्रमा अहिले प्रहरी टोली परिचालन भएको छ । दुई दशक अघि झोलुङ्गे पुल बनेपछि दोधारा(चाँदनी देशका अरू क्षेत्रसँग भौगोलिक रुपले जोडिएको थियो ।

भीमदत्तनगरपालिका( १३ का वडाध्यक्ष रामबहादुर बोहराले प्राविधिक टोली आएर पुलको निरीक्षण गर्ने बताउनुभयो । बिहान पानीको बेगले पिल्लर भत्किएको र आवागमन रोकिएको उहाँको भनाइ छ ।

नेपालको सबैभन्दा लामो झोलुङ्गे पैदलयात्री पुलमध्ये एक मानिने यो पुललाई एशियाकै दोस्रो लामो झोलुङ्गे पुलका रूपमा समेत चिनिन्छ । महाकाली नदीमाथि बनेको यो पुलको लम्बाइ १ हजार ४५२.९६ मिटर रहेको छ ।

दोधारा चाँदनी झोलुङ्गे पुल भएर आवागमन नगर्न जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले आग्रह गरेको छ । महाकाली नदीमा पानीको बहाव बढ्ने र घट्ने क्रमसँगै पुलको संरचनामा असर पार्दै आएको थियो ।

झण्डै डेढ किलोमिटर लामो यो पुल निर्माण हुनुअघि दोधारा चाँदनीका बासिन्दालाई जिल्ला सदरमुकाम महेन्द्रनगर तथा अन्य नेपाली भागमा आउजाउ गर्न भारतको बाटो प्रयोग गर्नुपर्ने बाध्यता थियो ।

## बाढीमा बेपत्ता परिवारलाई ...

कमिटीका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

बिष्टको परिवारमा श्रीमतीसहित १२ वर्षीय छोरा कृष्ट र आमा छन ।

बाढीपछि बेपत्ता बिष्टको अवस्था पत्ता लाग्न नसकेपछि आफन्तले हिन्दू धार्मिक परम्पराअनुसार २ साताअघि कुशको शव बनाएर स्थानीय बकैया खोलास्थित आर्यघाटमा दाहसंस्कार गरेका थिए ।

रसुवास्थित त्रिशूली हाइड्रोपावरमा कार्यरत बिष्टको अवस्था पत्ता लगाउन परिवारका सदस्य, आफन्त, छिमेकीसहित निजगढ नगरपालिका( ९ का अध्यक्ष रामचन्द्र कटुवाल चितवन, धादिङ्ग, नुवाकोट र रसुवासम्मै पुगेर खोजी गरेका थिए ।

बिष्टसँगै निजगढ ९ का कन्टेनर चालक ३० वर्षीय दिनेश परियार र हाल काठमाण्डौं बस्दै आउनुभएका निजगढ ८ न्यौपाने टोलका ५५ वर्षीय उत्तम न्यौपानेको अवस्था पनि भोटेकोशी बाढीपछि बेपत्ता छ । परियारका आफन्तले पनि मंगलवार कुशको शव बनाएर अन्तिम संस्कार गरेका छन ।






# स्वास्थ्य सूचकमा परवानीपुर गाउँपालिका बारा जिल्लामै प्रथम




कलैया, १४ असोज/आर्थिक वर्ष २०८२/०८३ मा स्वास्थ्य कार्यक्रमअन्तर्गतका विभिन्न सूचकमा उल्लेखनीय प्रगति हासिल गर्दै परवानीपुर गाउँपालिका बारा जिल्लामै प्रथम भएको छ ।

स्वास्थ्य क्षेत्रमा उत्कृष्ट प्रगति गरेको भन्दै बारा जिल्लाका प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीको हातबाट परवानीपुर गाउँपालिकाको तर्फबाट बुनियाद स्वास्थ्य चौकीका स्वास्थ्य चौकी प्रमुख निरञ्जनकुमार ठाकुरले सम्मानपत्र ग्रहण गर्नुभएको थियो ।

गाउँपालिकाले स्वास्थ्य कार्यक्रमका विभिन्न सूचकमा उल्लेखनीय उपलब्धि हासिल गर्न स्वास्थ्य शाखा प्रमुख जयकृष्ण मिश्रलगायत स्वास्थ्यकर्मीहरूको निरन्तर योगदान महत्वपूर्ण रहेको जनाएको छ ।

उपलब्धिका लागि गाउँपालिकाले स्वास्थ्य शाखा प्रमुख मिश्रसहित सम्पूर्ण स्वास्थ्यकर्मीहरूलाई धन्यवाद दिँदै आगामी दिनमा पनि यस्तै उत्कृष्ट उपलब्धि हासिल हुने विश्वास व्यक्त गरेको छ ।

# ट्याक्टरको ठक्करबाट ६ वर्षीय बालकको मृत्यु

रौतहट, १४ असोज/रौतहटमा ट्याक्टरको ठक्करबाट ६ वर्षीय बालकको मृत्यु भएको छ । गढीमाई नगरपालिका( ७ धरमपुरस्थित भित्री सडकखण्डमा बुधबार बिहान ट्याक्टरको ठक्करबाट स्थानीय छोटेलाल यादवका ६ वर्षीय छोरा रितिक यादवको मृत्यु भएको हो ।

धरमपुरबाट पौराहीतर्फ जाँदै गरेको ना.६ त ८४९२ नम्बरको ट्याक्टरले घरअगाडि सडकमा खेलिरहेका बालक रितिकलाई ठक्कर दिएको प्रहरीले जनाएको छ। ट्याक्टरको ठक्करबाट टाउकोमा गम्भीर चोट लागेका बालकलाई उपचारका लागि गरुडा(स्थित बेटर नेपाल अस्पताल लगिएको थियो ।

उपचारकै क्रममा बिहान करिब साढे १० बजे चिकित्सकले बालकलाई मृत घोषणा गरेका थिए ।

घटनापछि ट्याक्टर चालक सवारीसाधन घटनास्थलमै छाडेर फरार भएका छन् । प्रहरीले फरार चालकको खोजी भइरहेको जनाएको छ। घटनामा प्रयोग भएको ट्याक्टरका धनी स्थानीय सञ्जीव यादवलाई प्रहरीले नियन्त्रणमा लिएको छ। ट्याक्टरलाई प्रहरी चौकी धरमपुरमा राखिएको छ ।

घटनाको कानुनी प्रक्रिया अघि बढाउन इलाका प्रहरी कार्यालय गरुडाबाट इन्स्पेक्टर प्रमोद खड्काको कमाण्डमा टोली घटनास्थलमा खटिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# निजगढको रतनपुरी स्वास्थ्य चौकी बारा जिल्लामा उत्कृष्ट



निजगढ, १४ असोज/निजगढ नगरपालिका( ११ स्थित रत्नपुरी स्वास्थ्य चौकी, बारा जिल्लाका स्वास्थ्य संस्थामध्ये उत्कृष्ट स्वास्थ्य संस्था बनेको छ ।

स्वास्थ्य कार्यालय बाराले जिल्लामा संचालन गरेको विभिन्न स्वास्थ्य कार्यक्रमहरुको सूचक आधारमा उल्लेखनीय प्रगति हासिल गर्दै रतनपुरी स्वास्थ्य संस्था प्रथम स्थान प्राप्त गर्न सफल भएको हो ।

आर्थिक वर्ष २०८२/०८३ मा जिल्लाभर सञ्चालन भएका स्वास्थ्य कार्यक्रमका विभिन्न सूचकमा उत्कृष्ट प्रगति हासिल गरेबापत रतनपुरी स्वास्थ्य चौकीलाई स्वास्थ्य कार्यालय, कलैया बाराले सम्मान(पत्र प्रदान गरेको छ ।

स्वास्थ्य कार्यालय बाराले स्वास्थ्य कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा उत्कृष्ट प्रगतिका आधारमा चौकीलाई सम्मान गरेको जनाइएको छ ।

असोज १२ गते प्रदान गरिएको सम्मान(पत्रमा रत्नपुरी स्वास्थ्य चौकीले आगामी दिनमा समेत स्वास्थ्य सेवाको क्षेत्रमा थप प्रगति गर्दै उज्ज्वल भविष्य निर्माणमा योगदान पुऱ्याउने विश्वास व्यक्त गरिएको छ। सम्मान कार्यक्रममा स्वास्थ्य कार्यालय बाराका प्रमुख, स्वास्थ्य निर्देशनालयका प्रतिनिधि तथा जिल्ला स्वास्थ्य समन्वय समितिका पदाधिकारी लगायतको स्वास्थ्य चौकी प्रमुख दिनेश परियारलाई सम्मान(पत्र प्रदान गरेका हुन् ।

## कृत्रिम बुद्धिमत्ता (AI) को उचित प्रयोग गरौं

- ❖ कृत्रिम बुद्धिमत्ताको प्रयोग मानव हित, नैतिकता र कानुनी व्यवस्था अनुसार गरौं,
- ❖ कृत्रिम बुद्धिमत्ताबाट प्राप्त जानकारीको सत्यता र विश्वसनीयता पुष्टि गरेर मात्र प्रयोग गरौं,
- ❖ व्यक्तिगत गोपनीयता र संवेदनशील जानकारीको सुरक्षा सुनिश्चित गरौं,
- ❖ कृत्रिम बुद्धिमत्ताको प्रयोगबाट गलत सूचना तथा भ्रमपूर्ण सामग्रीको प्रचारप्रसार नगरौं,
- ❖ शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र सार्वजनिक सेवामा कृत्रिम बुद्धिमत्ताको उचित प्रयोगलाई प्रोत्साहन गरौं,
- ❖ डिजिटल सीप र कृत्रिम बुद्धिमत्तासम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- ❖ मानव निर्णय, उत्तरदायित्व र पारदर्शितालाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# तलब नपाएको भन्दै वीरगञ्जको आशाराम अस्पतालका कर्मचारी आन्दोलनमा




वीरगञ्ज १४ असोज/ वीरगञ्जस्थित आशाराम अस्पतालमा कार्यरत कर्मचारीहरूले आफूहरूले काम गरेबापतको पारिश्रमिक नपाएको आरोप लगाउँदै आन्दोलन सुरु गरेका छन् । कर्मचारीहरूका अनुसार अस्पतालमा कार्यरत करिब ३० देखि ४० जना कर्मचारीको तलब तथा पारिश्रमिक रोकिएको छ ।

तलब माग गर्दा अस्पताल व्यवस्थापन पक्षबाट स्पष्ट जवाफ नदिइएको कर्मचारीहरूको आरोप छ। व्यवस्थापन पक्षबाट "कानुनी बाटो खोज्नुहोस्, अदालत जानुहोस्, हामी पैसा दिँदैनौं" भन्ने किसिमको जवाफ आएको उनीहरूको दाबी छ ।

पारिश्रमिक नपाएको विषयलाई लिएर विवाद बढेपछि अस्पतालका कर्मचारीहरू एकजुट भएर विरोधमा उत्रिएका थिए । आन्दोलनका क्रममा कर्मचारीहरूले केही समय अस्पतालको ढोका बन्द गरी तालाबन्दीसमेत गरेका थिए ।

आन्दोलनरत कर्मचारीहरूले आफूहरूले काम गरेको अवधिको सम्पूर्ण पारिश्रमिक उपलब्ध गराउन माग गरेका छन् । अस्पताल सञ्चालन तथा व्यवस्थापनसम्बन्धी जिम्मेवारी अर्को पक्षलाई हस्तान्तरण गर्ने प्रक्रियाका बीचमा आफ्नो रोजगारी तथा बाँकी पारिश्रमिकको विषय अन्योलमा परेको उनीहरूको भनाइ छ ।

आफूहरूले गरेको कामको तलब तथा अन्य बाँकी रकम कसले र कसरी भुक्तानी गर्ने भन्ने विषयमा स्पष्ट व्यवस्था हुनुपर्ने कर्मचारीहरूको माग छ । अस्पतालको व्यवस्थापन वा सञ्चालनको जिम्मेवारी परिवर्तन भए पनि आफूहरूले यसअघि गरेको कामको पारिश्रमिकको जिम्मेवारीबाट सम्बन्धित पक्ष पन्छिन नहुने उनीहरूको धारणा छ ।

आन्दोलनरत कर्मचारीहरूले अब यस विषयमा जिल्ला प्रशासन कार्यालयमा निवेदन दर्ता गराउने तयारी गरेका छन् । आफ्नो श्रमको पारिश्रमिक उपलब्ध गराउन सम्बन्धित निकायले पहल गर्नुपर्ने उनीहरूको माग छ ।

यस विषयमा अस्पताल सञ्चालक तथा व्यवस्थापन पक्षको आधिकारिक प्रतिक्रिया भने प्राप्त हुन बाँकी रहेको छ। कर्मचारीहरूले लगाएका आरोप तथा तलब रोकिएको दाबीको स्वतन्त्र पुष्टि हुन बाँकी रहेकाले सम्बन्धित पक्षको प्रतिक्रिया र आधिकारिक कागजातबाट घटनाको थप तथ्य स्पष्ट हुने देखिन्छ ।

कर्मचारीहरूले जिल्ला प्रशासन कार्यालयमा निवेदन दर्ता गरेपछि पारिश्रमिक विवादले थप औपचारिक प्रक्रिया लिने सम्भावना रहेको बताएका छन् ।

# बाढीपीडितका लागि ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्रद्वारा कपडा हस्तान्तरण



वीरगञ्ज, १४ असोज/दैवी प्रकोप तथा बाढीबाट प्रभावित परिवारका लागि ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगरले ४० बन्डल कपडा जिल्ला प्रशासन कार्यालय पर्सालाई हस्तान्तरण गरेको छ ।

मानव मिलन संस्था पोखरा नेपाल, आदेश्वर जीवदया सेवा ग्रुप उधना( सूरत तथा श्री वर्धमान स्थानकवासी जैन नवयुवक मण्डल (मेवाड) उधनाको आयोजनामा सञ्चालित 'मानवताका लागि हाम्रो अभियान'अन्तर्गत कपडा संकलन अभियानमार्फत प्राप्त कपडा हस्तान्तरण गरिएको हो ।

'कपडाबाट बढ्नेछ स्नेह, जीवनमा मिल्नेछ सहारा' भन्ने उद्देश्यसहित सञ्चालन गरिएको अभियानबाट संकलित कपडा ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगरका अध्यक्ष जयप्रकाश खेतानको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय पर्सालाई बुझाइएको हो ।

हस्तान्तरण गरिएको ४० बन्डल कपडा जिल्ला प्रशासन कार्यालय पर्साको जिम्मामा राखिएको छ। संकलित कपडा बाढी तथा अन्य दैवी प्रकोपबाट प्रभावित परिवारको आवश्यकताअनुसार वितरण गरिने जनाइएको छ ।

समुदाय(प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत गरिएको उक्त सहयोगले विपद्को समयमा प्रभावित परिवारलाई आवश्यक सामग्री उपलब्ध गराउन सहयोग पुग्ने आयोजकले जनाएको छ ।

नेपाल प्रहरीको 'हर प्रहर, गाउँ र नगरी(टोल टोलमा नेपाल प्रहरी' भन्ने समुदायसँगको सहकार्यको भावनाअनुसार सामाजिक सेवा तथा मानवीय सहयोगका गतिविधिलाई निरन्तरता दिइएको ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्रले जनाएको छ ।

# महाकाली नदीमाथिको दोधारा चाँदनी झोलुङ्गे पुलमा क्षति

काठमाण्डौ १४ असोज/ कञ्चनपुरको दोधारा(चाँदनी नदीको झोलुङ्गे पुलको एउटा पिल्लर भाँचिएको छ ।

महाकाली नदीमाथि रहेको पुलको पिल्लर आज बिहान भाँचिएको हो । भीमदत्तनगरपालिका र दोधारा(चाँदनी नगरपालिका जोड्ने पुलको एउटा पिल्लर भाँचिएपछि आवगमन रोकिएको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक टेकबहादुर रावतले जानकारी दिनुभयो

पुलको झण्डै ६ मिटर भाग मर्मत

बाँकी तेश्रो पेजमा

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, व्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:- kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३